बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८०/०८१
चलानी नं. :

मिति : २०८०/१२/२२

नेपाल संवत ११४४, चिल्लागा-१०, बिहीवार।

## करारमा सेवा लिने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/१२/२२)

बरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०६/१९ को निर्णयानुसार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको तपसिल बमोजिमको पदमा लोकसेवा आयोगबाट स्थायी पदपूर्ति नहुँदासम्मको लागि करार सेवामा पदपूर्ति गर्नको लागि मिति २०८०/१२/०७ मा पन्ध्र दिने सूचना प्रकाशन गरिएकोमा माग संख्या भन्दा कम दरखास्त प्राप्त भएकोले यो सूचना पुनः प्रकाशन गरिएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा आईपुग्ने गरी राजश्व तिरेको रसिदसहित दरखास्त फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | तह | सेवा | समुह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| ०३/२०८०/८१-स्वास्थ्य | हे अ | सहायक पाचौं तह | स्वास्थ्य | हे ई | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टिन्ट वा सो सरह कोर्ष उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको |

१.योग्यता र अनुभवः

१. नेपाली नागरिक ।
२. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
३. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

२ .दरखास्तसाथ संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत निवेदन, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेस गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

३. दरखास्त दस्तुरः - रु. ८००।—

४ .छनौटको किसिमः लिखित तथा अन्तरवार्ता।

५ .परिक्षा मितिः -सम्पर्क मितिमा तोकिने छ।

६ .तलब सुबिधाः नेपाल सरकारको प्रचलित तलब स्केल

७ .दरखास्त बुझाउने अन्तिम मितिः २०८०/१२/२८ गते कार्यालय समयभित्र। उक्त दिन बिदा परेमा भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन

८ .सम्पर्क मितिः २०८०/१२/२९ गते

९ .थप जानकारीको लागि

स्वास्थ्य शाखा ९८५७६६१८१० ---|--- सूचना प्रविधि शाखा — ९८५७६६०६६०

नोटः उम्मेदवारको छनौट बरेङ गाँउपालिका करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७६ बमोजिम हुनेछ।

जिंत बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत



CamScanner